# नेपाल राष्ट्र बैंक
## प्रेस समाचार

### गभर्नर डा. खतिवडा अन्तरक्रिया कार्यक्रममा

गभर्नर डा. युवराज खतिवडा नेपाल राष्ट्र बैंक पोखरा कार्यालयले मिति २०७१ मंसीर १७ गते "आर्थिक तथा बैंकिङ्ग क्षेत्रका समसामयिक विषयमा बैकर तथा व्यवसायीहरूबीच" आयोजना गरेको अन्तरक्रिया कार्यक्रमा सहभागी हुनु भयो ।




सो अन्तरक्रिया कार्यक्रमलाई सम्वोधन गर्दै गभर्नर डा. खतिवडाले यस्ता कार्यक्रममार्फत वित्त तथा मौद्रिक नीतिमा सुधार गर्नु पर्ने सुझावहरू प्राप्त हुने विश्वास व्यक्त गर्नु भयो । उद्योग वाणिज्य संघ र बैंक तथा वित्तीय संस्थाले विभिन्न समयमा उठाएका सवालहरूलाई नेपाल राष्ट्र बैंकले गम्भिरताका साथ लिने गरेको र तदनुरूप धेरै सुधार पनि भइरहेको उल्लेख गर्दै उहाँले लगानी मैत्री वातावरण सृजना गर्न बैंक तथा वित्तीय संस्थाहरूले भौतिक, पर्यटकीय र ऊर्जा क्षेत्रका पूर्वाधार विकासका क्षेत्रमा लगानी अभिवृद्धि गर्नु पर्ने धारणा व्यक्त गर्नु भयो । विद्युत, कृषि, तथा पर्यटन क्षेत्रमा लगानी बढाएमा बैंक तथा वित्तीय क्षेत्रले अवश्य पनि फाइदा लिन सकिने कुरा बताउनु भयो । यस्ता क्षेत्रमा लगानी अभिवृद्धि गर्ने अवसर सृजनाका निमित्त सरकारले पनि लगानीमैत्री कार्यनीति तथा कार्यविधि बनाइ लागु गर्ने प्रयास गरिरहेको कुराको जानकारी पनि दिनु भयो ।

नेपालमा पर्यटकहरू भित्रने क्रम बढिरहेकोले उनीहरुलाई सुलभ तथा पर्याप्त बसोवासको विस्तार गर्न यस क्षेत्रको पूर्वाधार विकासमा लगानी बढाई बैंक तथा वित्तीय संस्था एवं व्यवसायी लाभान्वित हुन सक्ने विचार व्यक्त गर्नु भयो ।

शिक्षा र स्वास्थ्यमा विदेशी मुद्रा खर्च भइरहेको सन्दर्भमा यस क्षेत्रमा लगानी अभिवृद्धि गर्नु पर्ने र समग्र सेवा क्षेत्रको विकास गर्नु आवश्यक देखिएको कुरा उहाँले बताउनु भयो । त्यसैगरी व्यवसायिक कृषिमा लगानी गर्न सकेको खण्डमा आय एवं रोजगारी दुवै बढ्न सक्ने, ऊर्जा सघन ठूला तथा उत्पादनमूखी उद्योगहरू तत्काल विस्तार गर्न नसकिने हुँदा सेवा व्यवसाय क्षेत्रमा लाग्नु पर्ने, आधारभूत रूपमा बैदेशिक रोजगारीमा जाने जनशक्तिलाई स्वदेशमै कार्य गर्न सक्ने गरी उत्पादनका क्षेत्र विस्तार गर्न सकेमा देशले आर्थिक क्षेत्रमा फड्को मार्न सक्ने कुरामा विश्वास व्यक्त गर्नु भयो ।

नेपाल राष्ट्र बैंकले ग्राहक संरक्षण सम्बन्धी निर्देशन चाँडै जारी गर्ने बताउँदै उहाँले बैंक तथा वित्तीय संस्थाले लिने विभिन्न किसिमका

शुल्कहरूका बारेमा संस्था र ग्राहक बीच गरिने सम्झौतामा स्पष्टसंग उल्लेख गर्नु पर्ने, सेवाग्राहीले ठगिएको गुनासो नगर्ने गरी कार्य गर्नु पर्ने र व्यवसायीलाई पनि उकास्ने गरी बैंकको कर्जा नीति तय तर्फ सबैले सचेतता अपनाउन आग्रह गर्नु भयो । बैंकहरू पारदर्शी भए जस्तै व्यवसायीहरू पनि पारदर्शी नभई सेवाको लागत र गुणस्तर नबढ्ने कुरा राख्दै उहाँले व्यवसायीले पनि पारदर्शी ढंगले कारोवार गर्न सुझाव दिनु भयो ।

बैंकको संख्या धेरै भन्दा गुणस्तरमा सुधार गरेर लैजान नेपाल राष्ट्र बैंकले अवलम्बन गरेको कार्य नीति अन्तर्गत बैंक तथा वित्तीय संस्थाको Merger अघि बढेको र यसको सकारात्मक प्रभाव परेको जानकारी गराउनु भयो । नेपाल राष्ट्र बैंकले अवलम्बन गरेको सफा नोट नीतिलाई प्रभावकारी कार्यान्वयन गर्न बैंक तथा वित्तीय संस्थाहरुले सुकिला तथा झुत्रा नोट छुट्टयाई झुत्रा नोटलाई बजारमा नपठाउन आग्रह गर्नुभयो । नोटकोष सम्बन्धी व्यवस्थामा पुनरावलोकन गर्न नेपाल राष्ट्र बैंकले गृहकार्य अघि बढाएको जानकारी दिनुभयो ।

विप्रेषणलाई बैंकिङ्ग प्रणालीमार्फत भित्र्याउन नेपाल राष्ट्र बैंकले सक्दो पहल गरिरहेको र यसका लागि बैंक तथा वित्तीय संस्थाको सक्रिय सहभागिता आवश्यक हुने धारणा समेत राख्नु भयो । उक्त अन्तरक्रिया कार्यक्रमको अध्यक्षता नेपाल राष्ट्र बैंकका व्यवस्थापक श्री ऋषिकेश भट्टले गर्नु भएको थियो भने पोखरा उद्योग वाणिज्य संघ, लेखनाथ उद्योग वाणिज्य संघका पदाधिकारी लगायत बैंक तथा वित्तीय संस्थाका प्रमुख तथा प्रतिनिधिहरुको उल्लेख्य उपस्थिति रहेको थियो ।

**२०७१ मंसीर १७ गते बुधबार** **गभर्नरको कार्यालय**